आज मिति २०७७।०७।०२ गते शुक्रबारका दिन मिथिला नगरपालिकाका प्रमुख श्री हरीनारायण महतोज्यूको अध्यक्षतामा उप प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यज्यूहरुको निम्न अनुसारको उपस्थितमा कार्यपालिकाको बैठकं बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रहि तपसिल बमोजिमका निर्णयहरु गरियो ।

## उपस्थिति

| क्र.सं. | पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री हरि नारायण महतो | नगर प्रमुख | |
| २ | श्री तारा कुमारी बस्नेत | उप-प्रमुख | |
| ३ | श्री लक्ष्मी महतो | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | श्री विहारी महतो | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | श्री राम एकवाल महतो | वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | श्री विष्णुहरि खदाल | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | श्री श्यामबाबु यादव | वडा. अध्यक्ष वडा नं. ५ | |
| ८ | श्री भक्त वहादुर बलम्पाकी | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | श्री रामु साह तेली | का.वडा अध्यक्ष वडा नं. ७ | रामु साह |
| १० | श्री देवनारायण महतो | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | श्री दीपक जंग थापा | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | श्रीसविन विक्रम थापा | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | श्री बेद वहादुर कार्की | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | श्री राजदेव ठाकुर | कार्यपालिका सदस्य | राजदेव ठाकुर |
| १५ | श्री गुलाब ठाकुर | कार्यपालिका सदस्य | गुलाब |
| १६ | श्री देवी वहादुर तोंलागे | कार्यपालिका सदस्य | |
| १७ | श्री ठेट कुमारी दहाल | कार्यपालिका सदस्य | |
| १८ | श्री अनिता परियार | कार्यपालिका सदस्य | अनिता |
| १९ | श्री जहरी देवी | कार्यपालिका सदस्य | जहरी |
| २० | श्रीसीता भित्रीकोटी | कार्यपालिका सदस्य | सीता |
| २१ | श्री रेणु हेन्जन | कार्यपालिका सदस्य | |
| २२ | श्री रचिन्द्र डङ्गोल | प्रमुख प्रशासकीय अधिकृत | |

## मिथिला नगरपालिका, नगर कार्यपालिकाको बैठकको प्रस्ताव तथा निर्णयहरु

## मिति २०७७।०७।०२

**बैठकका प्रस्तावहरु :**

प्रस्ताव नं.१) मि.न.पा.१० स्थित श्री जय बजरङ्ग वालुवा प्रशोधन उद्योगले यस न.पा. कार्यालयसंग भएको ठेक्का सम्झौता बमोजिम दोस्रो किस्ता वापत बुझाउनु पर्ने रकम मिनाह गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.२) मि.न.पा.११ तुलसी स्थित श्री माध्यामिक विद्यालय तुलसीचौडामा अंग्रेजी विषयका सेवा करारमा रहेका शिक्षकहरुको तलवभत्ता भुक्तानीको लागि आर्थिक सहयोग माग भएको सम्बन्धमा ।

प्रस्ताव नं.३) मि.न.पा. क्षेत्र भित्र स्वास्थ्य चौकी स्थापना भैनसकेको वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.४) मि.न.पा. क्षेत्र भित्र ५ शैयाको अस्थायी कोभिड अस्पताल संचालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं.५) जिल्ला प्रशासन कार्यालय धनुषाको सहयोगमा यस न.पा.कार्यालय मार्फत जस्तापाता वितरण हुंदा मि.न.पा. वडा नं.८ का ३ परिवारलाई अपुग भएको सम्बन्धमा ।

**बैठकका निर्णयहरु**

निर्णय नं. १) प्रस्ताव नं.१ मा छलफल गर्दा मि.न.पा. १० स्थित श्री जय बजरङ्ग वालुवा प्रशोधन उद्योगले यस न.पा. कार्यालयसंग आ.व.२०७६।०७७ मा ढुङ्गा, बालुवा, गिट्टी उत्खनन् तथा विक्रिको लागि भएको ठेक्का सम्झौता बमोजिम दोस्रो किस्ता वापत २०७७ जेठ मसान्तसम्ममा बुझाउनु पर्ने रु.१,८०,६०,४००।४० मध्ये केही रकम मिनाह गर्ने सम्बन्धमा सम्मानित उच्च अदालत, जनकपुरधामबाट मिति २०७७।०३।२२ गते जारी भएको अन्तरिम आदेश बमोजिम यसै नगर कार्यपालिकाको निर्णय बमोजिम हुने भनी उल्लेख भएको हुंदा उक्त बालुवा प्रशोधन उद्योगलाई दोस्रो किस्ता वापत बुझाउनु बांकी रकम मध्ये ५०% (पचास प्रतिशत) ले हुने जम्मा रु.९०,३०,२००।२० (अक्षरेपी नब्बे लाख तीस हजार दुई सय र पैसा बीस) मिनाह गरी बांकी रु.९०,३०,२००।२० निजले पेश गरेको बैंक जमानत रकम मध्येबाट असुल उपर गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. २) प्रस्ताव नं.२ मा छलफल गर्दा मि.न.पा. ११ तुलसी स्थित श्री माध्यामिक विद्यालय तुलसीचौडाको च.नं.२२ मिति २०७७।०६।२५ को पत्रबाट उक्त विद्यालयमा अंग्रेजी विषय पढाउन निजीश्रोत करार सेवामा कार्यरत रहेका शिक्षकहरुको तलवभत्ता भुक्तानीको लागि आर्थिक सहयोग माग गरेकोमा उक्त शिक्षकहरुको प्रथम चौमासिक (चाडपर्व खर्च समेत) को लागि आवश्यक पर्ने जम्मा रु.३,४६,२००।- (अक्षरेपी तीन लाख छयालीस हजार दुई सय मात्र) यस न.पा.कार्यालयको नगर शिक्षा कोष शिर्षकबाट आर्थिक सहयोग उपलब्ध गराउने निर्णय पारित गरियो ।

निर्णय नं. ३) प्रस्ताव नं.३ मा छलफल गर्दा मि.न.पा. क्षेत्र भित्र स्वास्थ्य चौकी स्थापना भैनसकेको वडाहरुमा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्न नेपाल सरकारबाट प्राप्त निर्देशन बमोजिम यस न.पा.को वडा नं.१,५,७,८ र १० मा आधारभुत स्वास्थ्य सेवा केन्द्र स्थापना गर्न आवश्यक व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ४) प्रस्ताव नं.४ मा छलफल गर्दा मि.न.पा. क्षेत्र भित्र ५ शैयाको अस्थायी कोभिड अस्पताल संचालन गर्न नेपाल सरकारबाट वजेट विनियोजन भए बमोजिम यस न.पा.को वडा नं.६ ढल्केवर स्थित हाल सञ्चालनमा रहेको स्वास्थ्य चौकीको भवनमा ५ शैयाको अस्थायी कोभिड अस्पताल संचालन गर्न आवश्यक व्यवस्था गर्ने निर्णय पारित गरियो ।

निर्णय नं. ५) प्रस्ताव नं.५ मा छलफल गर्दा जिल्ला प्रशासन कार्यालय धनुषाको सहयोगमा यस न.पा.कार्यालय मार्फत असिना पानीले प्रभावित परिवारहरुलाई जस्तापाता वितरण हुंदा मि.न.पा. वडा नं.८ का ३ परिवारलाई जस्तापाता वितरण गर्न अपुग भएको व्यहोरा उक्त वडा कार्यालयबाट जानकारी प्राप्त भएको हुंदा सम्बन्धित वडा कार्यलयको वडा समितिबाट निर्णय गराई प्रति परिवारलाई २ वण्डल (छ फिट लम्बाई) जस्तापाता वितरण गरी बिल बमोजिम हुने रकम यस न.पा.कार्यालयको विपद व्यवस्थापन कोष शिर्षकबाट खर्च लेख्ने गरी उपलब्ध गराउने निर्णय पारित गरियो ।